अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
...दार्चुला
...प्रदेश,नेपाल

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०३/२०८१-०८२ मिति २०८१/०६/११ गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ।

**संवत् २०८१ साल असोज ११ गते वसेको कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण**

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | शिक्षा यूवा तथा खेलकूद शाखा | आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको बुँदा नं.४७ र बजेट वक्तव्यको बुँदा नं.५३ बमोजिम शुभ विजयादशमी र तिहारको अवसरमा गाउँपालिकास्तरीय अध्यक्ष प्रिमियर Under-19 क्रिकेट प्रतियोगिता संचालन गर्ने । |
| २. | उद्योग विकास इकाई | चालु आर्थिक वर्ष २०८१/०८२ का लागि सुदूरपश्चिम प्रदेश सरकारबाट विशेष अनुदान अन्तरगत प्राप्त नवप्रवर्तनमा आधारित उद्यमशीलता तथा आय आर्जन कार्यक्रम गाउँपालिकाको वडा नं.३, ४ र ६ मा कार्यान्वयन गर्ने । |
| ३. | रोजगार सेवा केन्द्र | चालु आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको सशर्त अनुदानबाट प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न श्रम, /रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पोर्टलमा प्रविष्टी गरेका ७५ जना बेरोजगारहरुको सूची स्वीकृत गर्ने । |
| ४. | | चालु आर्थिक वर्ष २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सम्बन्धित वडा कार्यालयबाट छनौट भई आएका योजनाहरु कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई निर्देशन तथा स्वीकृति दिने र अध्यक्ष रोजगार कार्यक्रममा विनियोजन भएको बजेट सबै वडालाई बाँडफाँड गर्ने। |
| ५. | प्रशासन शाखा | मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७७/०७८-२०८१/०८२)मा उल्लिखित विषयहरुसँग सम्बन्धित उद्धेश्यहरु र क्रियाकलापहरु कार्ययोजना कार्यान्वयनको सुनिश्चितताको लागि गाउँपालिकास्तरीय स्थानीय समन्वय समिति गठन गर्ने । |
| ६. | आर्थिक प्रशासन शाखा | यस गाउँ कार्यपालिकाको कार्यालयमा वडा कार्यालयबाट सिफारिस सहित आर्थिक सहायताका लागि पेश भएका निवेदनहरु उपर छलफल गरी अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम आर्थिक सहायता तथा राहत उपलब्ध गराउने । |
| ७. | | आर्थिक वर्ष ०७५/०७६ मा श्री भिमसिंह निर्माण सेवा अपिहिमाल ०६ ले वृद्धाश्रम निर्माण गर्दाको समयमा निर्माण सेवाका प्रतिनिधि श्री जस्मल सिंह बोहराले जमानत वापत रु.१,००,०००/- (अक्षररुपी एक लाख रुपैयाँ मात्र) गाउँपालिकाको धरौटी खातामा नगद जम्मा गरेको रकम फिर्ता गर्न स्वीकृती गर्ने । |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता